आज मिति २०७५ माघ २८ गते सोमबारका दिन दिउँसोको ठिक ३:३० बजे कचनकवल गाउँपालिकाको बैठक कक्षमा गाउँपालिकाका अध्यक्ष श्री अन्जरा आलमको अध्यक्षतामा गाउँ कार्यपालिकाका निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बैठक बसी पेश भएका विभिन्न प्रस्तावहरु उपर छलफल गरीयो .......................

| सि.नं. | पद | नाम | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री अन्जरा आलम | ९८५२६५५२१२ | |
| २ | उपाध्यक्ष | श्री निमसरी राजवंशी | ९८५२६५५२१४ | |
| ३ | वडा अध्यक्ष | श्री लक्ष्मीनारायण यादव | ९८०१४०८०२१ | |
| ४ | वडा अध्यक्ष | श्री मेखबहादुर भट्टराई | ९८१५९१९००० | |
| ५ | वडा अध्यक्ष | श्री विजय कुमार राजवंशी | ९८१७९४५७७२ | |
| ६ | वडा अध्यक्ष | श्री प्रमानन्द सिंह राजवंशी | ९८४४६०६९८५ | |
| ७ | वडा अध्यक्ष | श्री महेशलाल गणेश | ९८१४९३०९१६ | |
| ८ | वडा अध्यक्ष | श्री कुलबहाकुर कार्की | ९८४२६७९७४० | |
| ९ | वडा अध्यक्ष | श्री भरत राजवंशी | ९८०६०७५४७९ | |
| १० | सदस्य | श्री लक्ष्मीदेवी लिम्बु | ९८१५९२०७१९ | |
| ११ | सदस्य | श्री रितादेवी परियार | ९८१०२९०५८३ | |
| १२ | सदस्य | श्री रेनुका दर्जी | ९८१३३८६३८० | |
| १३ | सदस्य | श्री इन्द्रकला गणेश | ९८०६०९७४९६ | |
| १४ | सदस्य | श्री हेमलाल गणेश | ९८१५९८१४५४ | |
| १५ | सदस्य | श्री अमृतादेवी बोगटी | ९८१५०९३९०४ | |
| १६ | सचिव | श्री तुलराज थापा मगर | ९८५२६५५२१० | |
| अन्य आमन्त्रित महानुभावहरु | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**बैठकमा छलफलका लागि पेश भएका प्रस्तावहरुः**

१. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।
२. प्रेस सल्लाहकार, कानूनी सल्लाहकार परामर्शमा लिने सम्बन्धमा ।
३. स्वास्थ चौकि समुद्घाटन समारोहको खर्च भुक्तानी)सम्बन्धमा ।
४. प्राविधिक तथा सहयोगी कर्मचारीहरुको दरवन्दी सिर्जना सम्वन्धमा ।
५. जग्गादाताबाट जग्गा दान पत्र प्राप्ति सम्वन्धमा ।

**निर्णयहरु :-**

**निर्णय नं. १**

१. प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.३०७९ मिति २०७५।१०।०९ को पत्रानुसार यस गाउँपालिकाको तेरिज दरबन्दी भन्दा बढी भए पनि अत्यावश्यक रहेका केही करार, ज्यालादारी तथा डोर हाजिरीका कर्मचारीहरु स्वास्थ्य संस्थामा कार्यरत कामदार तथा कर्मचारीहरुलाई हाल सेवाबाट तत्काल हटाईएमा गाउँपालिकाको नियमित कामकाजमा प्रत्यक्ष असर पर्न गई यस गा.पा. ले जनतालाई प्रदान गर्ने सेवा प्रवाहमा समेत प्रत्यक्ष प्रभाव परी आम नागरिकलाई प्रवाह हुँदै आएको सेवा सुविधामा समस्या सिर्जना हुने हुँदा कचनकवल गा.पा. को दोस्रो गाउँ सभाबाट निर्णय भई मिति २०७५ साल पौष मसान्तसम्म करार अवधी भई हालसम्म निरन्तर सोही निर्णय बमोजिमको करार सेवा तथा डोर हाजिरीका आधारमा कामकाज गर्दै आएका कर्मचारीहरुको सम्बन्धमा यस आ.व.को अन्तसम्म निरन्तर कामकाजमा लगाउने र यो निर्णयलाई यस गाउँपालिकाको तेश्रो गाउँसभाबाट अनुमोदनसमेत गराउने निर्णय गरियो । सो पश्चात प्रचलित कानून वमोवजम गर्ने गराउने गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.**

प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाबाट भए गरेको नियमित तथा विकासमूलक गतिविधि सञ्चालित कार्यक्रम तथा योजनाहरुका वारेमा जनता समक्ष सहज रुपमा प्रवाह गर्न गराउन, जनताको सुसूचित हुने हक मौलिक हक अधिकारहरुलाई प्रत्याभुत गर्न गराउनसमेतका लागि एक जना प्रेस सल्लाहकार अति आवश्यक रहेको हुँदा सो कामकाज गर्न गराउन तत्काल एक जना प्रेस सल्लाहकार परामर्श सेवाबाट छनौट गरी कामकाजमा लगाउने निर्णय गरियो । यसैगरी गाउँपालिका आफैँमा एक कानूनी हैसियत प्राप्त संस्था, स्थानीय सरकार समेत रहेको हुँदा कानूनी राय सरसल्लाह प्रदान गर्न, कानून तर्जुमा कार्यमा सहयोग गर्न, न्यायिक समितिबाट हुँदै आएको न्याय निष्पादन सम्वन्धी कामकाजलाई सरल सहज बनाई वास्तविक रुपमा न्याय परेको अवस्था कायम गरी कानूनी राजलाई जनस्तरसम्म पुऱ्याउन एक जना कानूनी सल्लाहकारको कामकाज गर्न तत्काल एक जना कानूनी सल्लाहकार परामर्श सेवाबाट छनौट गरी सेवा लिने निर्णय पारित गरियो ।

**निर्णय नं. ३.**

प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा कचनकवल गा.पा. वडा नं. ३ मा रहेको पथरिया स्वास्थ्य चौकिको नव निर्मित भवन उद्घाटन समारोहमा रु. ५५,०००।- (पच्पन्न हजार मात्र) खर्च भई भुक्तानिका माग भएको हुँदा पेश भएको बिल भर्पाइका आधारमा उक्त खर्चको भुक्तानि दिने निर्णय गरियो ।

**निर्णय नं.४.**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री शिक्षा प्रदान स्थल बनाउन, गाउँपालिका अन्तर्गत भावी जनशक्तिलाई प्रविधिमा आधारित ज्ञान प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्दै जान तत्काल सात वटै मा.वि.हरुमा कम्प्युटर हार्डवेयर तथा सफ्टर समेतको कक्षा सञ्चालन गर्न कम्प्युटर अपरेटर यस गाउँपालिका अन्तर्गत रहेका झील, पोखरी, ताल, उर्वर भूमि, माछा पालन सम्वन्धी व्यवसायलाई नमूनाका रुपमा गाउँपालिकाबाटै सञ्चालन गर्न र गाउँपालिका अर्न्तगत रहेकभे सरकारी, ऐलानी, पर्ति, सार्वजनिक जग्गा जमिनहरु खोजी गरी संरक्षण गर्न गराउन, सामुदायिक स्वास्थ्य संस्थाहरुमा सुलभ औषधालय सञ्चालन गरी गुणस्तरीय सेवा प्रवाह गर्न, कार्यालयको रेखदेख, गाउँ बजार क्षेत्रको रेखदेख, गाउँपालिकाको सम्पत्ति संरक्षण, सुरक्षा व्यवस्थालाई नियमन, वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु, माछा पोखरी, कचनवकलस्तम्भ समेतमा सी.सी.क्यामेरा जडान हुने अवस्था समेतलाई मध्यनजर राख्दै सेक्युरिट गार्डहरु समेत तत्काल आवश्यक भई सकेको हुँदा देहायका प्राविधिक तथा सहायक पदहरु सिजर्ना गरी सो पदहरु गाउँ सभाबाट अनुमोद समेत गराउने निर्णय गरियो.............................

(१) कम्प्युटर टेक्निसियन .......................१ (एक) जना (सबै विद्यालय तथा कार्यालयहरु हेर्ने गरी)

(२) कम्प्युटर शिक्षक .......................................७ (सात) जना (सात वटा मा.वि.हरुमा रहने गरी)

(२) प्राविधि सहायक (मत्यस्य विकास )....................१ (एक) जना (सबै पोखरी तथा झिलहरुमा हेर्ने गरी)

(३) माछा पालन कार्यमा सहयोग पुऱ्याउने सहयोगीहरु..६ (छ) जना

(४) सर्भेक्षक/अमिनि ...........................................१ (एक) जना

(५) बि फर्मालोजिष्ट .................२ (दुई) जना बनियानी प्रा.स्वा.के. र पथरिया स्वा.चौ. मा रहने गरी),

(६) सुलभ औषधालयमा काम गर्ने सहयोगी ...............२ (दुई) जना,

(७) सेक्युरिटी इन्चार्ज (सुरक्षा तथा सी.सी.क्यामेरा कन्ट्रोल गर्न सक्ने ज्ञान समेत भएको) ....१ (एक) जना,

(८) अन्य सेक्युरिटी गार्ड .....................................४ (चार) जना,

(९) इलेक्ट्रिसियन ...............................................१ (एक) जना,

(१०) ब्याकहो लोडर अपरेटर...............................१ (एक) जना,

(१) ट्रिप्पर चालक (हेभी सवारी चालक)................ १ (एक) जना ।

**<u>निर्णय नं. ५:</u>**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. १ साविक घेरावारी वडा नं. ६ वस्ने विष्णुपद राजवंशीको छोरा डम्बर बहादुर राजवंशीले आफ्नो एकलौटी हकभोकमा रहेको घेरावारी-६, कि.नं. ४६ बाट २ कठ्ठा (६७७.२६ वर्ग मिटर) जग्गा यस गाउँपालिकाको नाउँमा दान-पत्र दिन इच्छुक हुनु भएकोले सो जग्गा दान-पत्रबाट प्राप्त गर्ने, यसैगरी वडा नं.४ साविक केचना गा.वि.स.वडा नं. ७ बस्ने खुसमहमको छोरा अब्बास मियाले आफ्नो एकलौटी हकभोगमा रहेको केचना-७ कि.न..४३८ बाट १० धुर ( १६९.३ वर्ग मिटर) जग्गा यस गाउँपीलकाको नाउँमा दान-पत्र दिन इच्छुक हुनु भएकोले सो जग्गा समेत दानपत्रबाट प्राप्त गरी सामुदायिक हितका लागि सामुदायिक कार्यमा प्रयोग गर्ने निर्णय गरियो । यसैगरी यस गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा सामुदायिक भवन निर्माणका क्रममा रहेको र सो जग्गाहरु यस गाउँपालिकाको नाउँमा दान पत्र दिन सम्वन्धित जग्गाधनीहरु इच्छुक हुनु भएकोले क्रमशः दान पत्र स्वीकार गर्ने निर्णय गरियो ।